छलफल एवं निर्णयहरु :

१. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं ५६९ मिति २०७९।३।१६ गतेको प्राप्त पत्र सम्वन्धमा छलफल गरियो । उक्त पत्र अनुसार यस जि.स.स.का प्रमुख श्री गगन सिंह भण्डारी जि.स.स. प्रमुखहरुको जि.स.स.भूमिका विषयको कार्यक्रममा सहभागि हुनु भएको र उक्त सन्दर्भमा कार्यक्रम सहभागिताको सम्वन्धमा पेश प्रतिवेदन अनुरुप दै.भ्र.भ. भुक्तानी गराई सकेकोले सो को अनुमोदन गर्ने निर्णय गरियो ।

२. बहुक्षेत्रीय पोषण सम्वन्धी कार्यक्रम यस जिल्लाका सातवटै स्थानीय तहवाट कार्यान्वयन भैईरहेको छ । कार्यान्वयनको क्रममा यस अघि पुर्व पदाधिकारी तथा कर्मचारीवाट अनुगमन भएको भएतापनि पछिल्ले अवस्थाको अनुगमन विद्यमान पदाधिकारीवाट गर्ने सम्वन्धमा गरिएको भ्रमण आदेश स्विकृतिको अनुमोदन गर्ने र उक्त सम्वन्धमा सम्वन्धित निकायवाट बजेट फुकुवा प्राप्त हुनासाथ भ्रमण प्रतिवेदनका आधारमा सम्वन्धित पदाधिकारीलाई जि.स.स.को कार्यालयबाट भुक्तानी उपलब्ध गराईएको विषय अनुमोदन गर्ने निर्णय गरियो ।

३. जि.स.स.का प्रमुख सहितको टोली मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, धनगढी भ्रमणको प्रतिवेदन विषयमा छलफल गरियो । उक्त भ्रमणका लागि गरिएको भुक्तानी लगायत यस अघि सम्म जि.स.स.को कार्यालयबाट नेपाल सरकार द्वारा निर्धारण भएको pams तथा cgas software बाट तोकिएको शीर्षक अनुरुप गरिएको खर्च जि.स.स. तर्फ रु १,०६,५८,९७०।२२, बहुक्षेत्रिय पोषण कार्यक्रम तर्फ रु २,९९,९०५।००, प्रदेश स्तरको स्थानीय पुर्वाधार विकास साझेदारी तर्फको रु.४,१७,८९७।०० र जग्गा प्रशासन तर्फ रु १,५९,०८७।०० अनुमोदन गर्ने निर्णय गरियो ।

४. जि.स.स.को कार्यालयमा कार्यरत जि.स.स.प्रमुखको स्वकिय सचिव श्री सौरभ ताम्राकार लगायत ह.स.चा. करन सिह भण्डारी, रमेश सिह कडाल, कमलापति भट्टराई तथा कार्यालय सहयागी राम सिह खड्का, विष्ना सांकी र अन्तराम जाशी करार कर्मचारीहरुको नविकरण म्याद यहि मिति २०७९ असार मसान्त सम्म रहेको र निजहरुको सेवा कार्यालयलाई आवश्यक रहेकोले आगामी आ.व.०७९।८० का लागि म्याद थप गरि निरन्तरता दिने । उक्त म्याद थपको नविकरण जि.स.अ.मार्फत अघि बढाउने नेपाल सरकारको हालैको निर्णय अनुरुप निजहरुको तोकीएको सेवा सुविधा उपलब्ध गराउन र सरसफाईको काम गर्ने व्यक्ति श्री दिपक ढोलीको आगामी दिनको कार्यक्षेत्र विस्तार हुन गईरहेकोले विगतमा उपलब्ध गराउदै आईरहेको रकम रु १००००। मा आ.व.०७९।०८० देखि रु २०००। थप गरि रु १२०००। रकम उपलब्ध गराउन जि.स.स.को कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

५. यस जि.स.स.को कार्यालय परिसर भित्र जिल्ला सभाहल निर्माणको कार्यमा निगरानी, समन्वय एवं सहजिकरण गर्न यस अघि एक छुट्टै कार्यदल गठनभै सो कार्यदलले निरन्तर कार्य गर्दै आईरहेको छ । उक्त कार्यका सम्वन्धमा कार्यदलका संयोजक श्री संञ्जय जैरु दमाईले यस समितिमा प्रस्तुत गर्नु भएका विषयमा छलफल गरियो । उक्त सम्वन्धमा च.नं. २८ मिति ०७९।०३।१६ गते पठाईएको पत्रका विषयमा समेत छलफल गरियो र उक्त पत्रको अनुमोदन गर्दै सो अनुसार कार्यान्वयनका लागि सम्वन्धित कार्यदल थप सकृय हुने सम्वन्धमा निर्णय गरियो ।

६. आगामी जिल्ला सभाको वैठक यसै आ.व. भित्र सम्पन्न गर्न मिति एवं समय निर्धारणका लागि जि.स.स.प्रमुखज्युवाट पहल गर्ने। साविकको जिल्ला विकास समितिको कोषको वितरण गर्न योग्य रकम गत आ.व.को जिल्ला सभाको वैठकवाट सातवटै स्थानीय तह एवं जि.स.स.लाई रकम वितरण भै सकेको हुदा सो रकमको उपयोग सम्वन्धमा जि.स.स.को कार्यालयवाट जानकारी संकलन गर्ने। आगामी जिल्ला सभाको वैठकमा जिल्ला सभाहल निर्माण,जि.स.स. को भौतिक सम्पत्ति र यस आ.व.को नेपाल सरकारवाट प्राप्त रकम जि.स.स.को कार्यालयवाट खर्च एवं आगामी आ.व.का लागि तोकिएको शीर्षकगत रकम वारे जानकारी गराउने ।

७. राष्ट्रिय भूमि आयोग,जिल्ला समिति,डडेल्धुराको च.नं. १५ मिति २०७९।०३।०३ गतेको प्राप्त पत्रका सम्वन्धमा छलफल गरियो । उक्त सम्वन्धमा सो कार्यालयको सचिवालय आयोगको कार्यविधिमा यस जि.स.स.को कार्यालयमा रहने उल्लेख भएकोले यस कार्यालयलाई आवश्यक पर्ना साथ तत्काल छोड्ने एवं विद्युत तथा पानी शुल्क भुक्तानी गर्ने शर्तमा तथा आयोगले कार्यविधि परिमार्जन गरि वा अन्य बैकलिपिक व्यवस्था गरेमा सो वमोजिम हुने गरी हाललाई जि.स.स.कार्यालयको प्रिफ्याप भवनमा सचिवालय संचालन गर्न अल्पकालिन अनुमति दिने । साथै आयोगको विद्यमान कार्यविधि अनुसार जि.स.स. पदाधिकारी तथा कार्यालयको कर्मचारी सदस्य सचिव नरहेको परिप्रेक्षमा सदस्य सचिव रहेकै निकायमा सचिवालय राख्न सान्दर्भिक हुने व्यहोरा सम्वन्धित आयोगलाई पत्राचार गर्ने समेत निर्णय गरियो ।